# पञ्चदेवल विनायक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : ०७९/०८०
च.नं. :

मिति :२०७९/११/०२

## बेरोजगार व्यक्तिले न्यूनतम रोजगारीका लागि आवेदन दिने सम्बन्धी जरुरी सूचना ।

यस पञ्चदेवल विनायक नगरपालिकामा आ.व. २०८०/०८१ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने १८ बर्षदेखि ५९ बर्ष उमेर समूहका बेरोजगार व्यक्तिले न्यूनतम रोजगारीका लागि आफु बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा यही **२०७९ फागुन मसान्तभित्र** आवेदन दिइसक्नु हुन सूचित गरिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुऱ्याउने सोच रहेको हुँदा लक्षित वर्गले आफु र आफ्नो परिवारको यथार्थ र सम्पूर्ण विवरण भरी तोकिएको समयभित्र आवेदन दिइसक्नु हुन जानकारी गराइन्छ ।

.................................
शिवप्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :-

१. नेपाली नागरिकताको प्रतिलिपि -थान १
२. अपांगता भएका व्यक्तिको हकमा अपांगता परिचयपत्रको प्रतिलिपि -थान १
३. विवाहित महिला (नागरिकतामा पतिको परिचय नखुलेको हकमा) भए विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि -थान १
४. आवेदकको पासपोर्ट साइजको फोटो -थान १

*नोट :* *क) आवेदन फाराम सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ ।*
*ख) आवेदकले फाराममा उल्लिखित सम्पूर्ण विवरण भर्नुपर्नेछ । अपूर्ण विवरण भए मान्य हुने छैन ।*
*ग) नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय वार्षिक रु ५७,७००/-भन्दा कम आय भएको परिवारका व्यक्तिले मात्र न्यूनतम रोजगारीका लागि आवेदन दिन सकिनेछ ।*

*थप जानकारीका लागि रोजगार सेवा केन्द्र वा फोन नं ०९७-५०००0३ मा सम्पर्क गर्नुहोला ।*